मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १५६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख ११ गते मंगलवार (Tuesday, 23 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बाँदर धपाउन बन्दुक पडकाउँदा ...

**पाँचथर, वैशाख १०।** पाँचथरको हिलिहाङ गाउँपालिका- ४ सिबुवामा बाँदर धपाउन राखिएको बन्दुक पड्किँदा एक जनाको मृत्यु भएको छ ।

घरदेखि अन्दाजी १ किलोमिटर उत्तरमा मकैबारीमा बाँदर धपाउनका लागि भरुवा बन्दुक पड्काउने क्रममा स्थानीय ५१ वर्षीय मनकुमार सिगूको मृत्यु भएको हो ।

बन्दुकको फाइरिङ पिनको नाल फुटेर पड्किँदा बारुदको छर्राले शरीरको विभिन्न भागमा लागेर उनी घाइते भएका थिए । उनको उपचारको क्रममा जिल्ला अस्पताल पाँचथरमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

# भारतीय पक्षको नयाँ नियमका कारण चिया निर्यातमा समस्या

**झापा, वैशाख १०।** भारतले चिया पैठारीमा नयाँ नियम लागू गरेसँगै चिया व्यवसायी समस्यामा परेका छन् ।

पाँच दिनदेखि भारतले चिया पैठारीमा नयाँ नियम लागू गर्दै रोक लगाएसँगै चिया किसान तथा ब्यवसायी समस्यामा परेका हुन् । भारतले पटके गुणस्तर परीक्षणको नयाँ प्रावधान लागू गरेर नेपाली चियाको निर्यात रोकेको हो । नेपालका चिया उद्यमीहरुले यसबाट गम्भीर सङ्कट निम्तिने बताएका छन् ।

पूर्वीनाका काँकरभिट्टाबाट जाँचपास भएर भारतीय सीमावर्ती पानीट्याङ्की नाका पुगेको १८ ट्रक तयारी चिया भारतले विगत पाँच दिनदेखि रोकेको हो । चिया निर्यातको अनुमति नपाएर रोकिएका ती ट्रकहरु पानीट्याङ्कीको सडकमा असुरक्षित अवस्थामा रहेको चिया व्यवसायी एवम् भन्सार प्रतिनिधि रोशन अग्रवालले जानकारी दिए । उनले पूर्वाञ्चलसँग कुरा गर्दै भने-भारतले शतप्रतिशत स्याम्पलिङ गर्नुपर्ने प्रावधान राखेसँगै भारततर्फ निकासी हुन लागेका चिया बाटोमै अलपत्र परेको हो ।



भारतले विभिन्न समयमा बहाना बनाउँदै नेपाली चिया निकासीमा रोक लगाएको बताइएको छ । उनका अनुसार भारतीय पक्षलाई एउटा सवारीबाट दैनिक चार हजार रुपैयाँ शुल्क बुझाउनु पर्ने छ । चियाको गोदाम समेत नहुँदा बाटोमै गाडी रोकेर राख्नु परेको छ ।

चिया व्यवसायी एवम् भन्सार प्रतिनिधि अग्रवालका अनुसार पानीट्याङ्कीस्थित भारतीय स्थल भन्सार कार्यालयले हरेक ट्रकमा नेपाली चियाको अलग-अलग गुणस्तर परीक्षण गरिनुपर्ने नयाँ नियम लगाएर निर्यातमा रोक लगाएको हो । यसअघि एउटा कम्पनीले एउटा नमूनाको गुणस्तर जाँचपास गराएको 'रिपोर्ट'ले १५ दिनसम्म चिया निर्यात गर्दा पनि मान्यता पाउँथ्यो,- व्यवसायी अग्रवालले भने-अहिले पानीट्याङ्कीको भारतीय भन्सारले हरेक गाडीको छुट्टाछुट्टै नमूनाको गुणस्तर जाँचपास रिपोर्ट ल्याउनुपर्ने अड्को थापेको छ । अहिले भारतले सबै चियाको अनिवार्य रुपमा नमूना परीक्षण गर्नुपर्ने नियम लागू गरेको छ ।

पानीट्याङ्की भन्सारमा गोदामको सुविधा नभएकाले नेपालबाट चिया 'लोड' भएर गएका १८ वटा ट्रक खुला सडकमा अलपत्र परेको उनले बताए । त्रिपालले छोपेर सडकमा अलपत्र अवस्थामा चिया राखिएको ट्रकमा राति चोरी हुनसक्ने जोखिम रहेको छ । अलपत्र ट्रकहरुमध्ये नेपाल चिया विकास निगमको छवटा ट्रक छन् भने अन्य सामान हिमालयन रेञ्जलगायत चिया उद्योग लगायतको रहेको बताइएको छ ।

सिटिसी र अर्थोडक्स गरी दुवै प्रकारका चिया भारत निर्यात हुँदै आएको छ । नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ । निर्यात हुने चियाको ९२ प्रतिशत काँकरभिट्टा नाका भएर भारत जाने गरेको छ । चिया व्यवसायीका अनुसार भारतले नेपालमा गरिएको गुणस्तर जाँचको रिपोर्टलाई मान्यता दिएको छैन । भारतको पानीट्याङ्की भन्सारमा समेत गुणस्तर जाँच्ने प्रयोगशाला छैन । भारतको कोलकाता, दिल्ली, पटनालगायत स्थानका प्रयोगशालामा गरिएको गुणस्तर जाँचपासलाई भारतीय भन्सारले मान्यता दिने हुँदा यसबाट नेपाली चिया निर्यातमा संलग्न व्यवसायीले झन्झट भोग्दै आएका छन् ।

लामो समय चिया गाडीमै राख्नु पर्ने भएकाले चिया बिग्रिने सम्भावना धेरै हुने ब्यवसायीहरुको भनाइ छ । त्रिपालले बेरेर चिया राख्नु परेकोले गुम्सिएर चिया बिग्रने डर छ, यसले ब्यवसायीलााई ठूलो घाटा पुऱ्याएको छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख रामप्रसाद रेग्मीले भारतीय भन्सारले नयाँ नियम लागू गरेसँगै केही समस्या आएको बताएका छन् । उनले पूर्वाञ्चलसँग भने- चिया पैठारीमा रोक लगाएको होइन, शतप्रतिशत परीक्षण बिना निकासी गर्न नदिएकाले समस्या आएको हो । विगतमा भारतीय पक्षले नेपालबाट गएका चिया मध्ये केही प्रतिशतको मात्रै नमूना परीक्षण गर्दा अरुलाई छिर्न दिने गरेको थियो, अहिले नियम परिवर्तन गरेर सबै परीक्षण गर्नुपर्ने नियम बनाएको छ ।

चियामा देखिएको समस्यालाई समाधान गर्नका लागि स्थानीय र केन्द्रीय तहबाट प्रयास भइरहेको उनको भनाइ छ । उद्योग, वाणिज्य, परराष्ट्र मन्त्रालयका साथै भन्सार कार्यालयबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

# रूसी सेनामा भर्ती भएका फर्काउन सरकारले पहल गरेन

**झापा, वैशाख १०।** रुसी सेनामा भर्ती भएका नेपालीका आफन्तले उनीहरूको उद्धारको माग राख्दै सोमबार पनि सामुहिक अनशनलाई जारी राखेका छन् ।




शुक्रबारदेखि काठमाडौंको माइतीघरमा अनशन शुरू गरेका उनीहरूले बालुवारटारस्थित रुसी राजदूतावास कार्यालय अगाडि अनशन बसेर उद्धारका लागि दबाब बढाएका हुन् । उनीहरूले सेनामा भर्ती भएकाहरूको उद्धार, रुसी सेनामा रहेका नेपालीको तथ्यांक सार्वजनिक, युद्धमा घाइते नेपालीको उचित उपचार, युक्रेनको कब्जामा रहेका पाँच नेपालीको उद्धार, मृतकको शव ल्याउन र क्षतिपूर्तिसहित रुसी सेनाबाट प्राप्त गर्ने सबैखाले सेवा सुविधा नेपाल ल्याउने व्यवस्थालगायतका विभिन्न १३ बुँदे माग राखेका छन् ।

चार दिनदेखि आमरण अनशनमा बसेकी कृतु भण्डारीले आफूहरू अनशन बसेको चार दिन भइसक्दा पनि सरकारले बेवास्ता गरेको गुनासो गरिन् । उनले भनिन् - आजभन्दा चार दिनदेखि हामी आमरण अनशनमा छौं । अन्य पनि रिले अनशनमा हुनुहुन्छ । आज चौँथो दिनसम्म कसैले प्रतिक्रिया दिएको छैन । सरकारले यो सूचना पाएको छ वा छैन थाहा छैन । तर हामीमाथि पूरै बेवास्ता भएको छ ।

उनले युद्धग्रस्त क्षेत्रमा अवसरको खोजी गरेर गएका नेपालीहरूको उद्धार तथा जीवनरक्षा गर्नु सरकारको दायित्व रहेको भन्दै आफूहरूको माग सम्बोधनका लागि आग्रह गरिन् । त्यस्तै, आमरण अनशनमा रहेकी अर्की चिरानी घर्तीको पनि गुनासो उस्तै छ । अनशन बसेको चार दिनसम्म पनि सबै निकायलाई जानकारी भएको तर कतैबाट सुनुवाइ नभएको उनी बताउँछिन् । उनले माग पूरा नभएसम्म सडकमै बस्ने चेतावनी दिइन् । त्यसैगरी कपिल रुम्बाले नेपालको कूटनीतिक पहल नै कमजोर रहेको आशंका व्यक्त गरे । सबै ठाउँमा निवेदन दिएको र प्रभावकारी रूपमा कसैले पनि माग सम्बोधन गर्न चासो नदिएको उनले बताए । परराष्ट्र मन्त्रालयका अनुसार रुसी सेनामा भर्ती भएका ३४ जना नेपालीको मृत्यु भएको छ । यस्तै, सयौँको संख्यामा घाइते तथा सम्पर्कविहीन छन् । उनीहरूका परिवार तथा आफन्तले विगत दुई महिनादेखि उद्धारका लागि आवाज उठाउँदै आइरहेका छन् ।

## ब्ल्याकमेल गर्ने पक्राउ

**झापा, वैशाख १०।** नेपाल प्रहरीको साइबर ब्युरोले अश्लील गतिविधि सार्वजनिक गरिदिने भन्दै ब्ल्याकमेल गर्ने एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुली तीनपाटन गाउँपालिका-८ का ३६ वर्षीय कमलप्रसाद अधिकारी छन् । हाल बूढानीलकण्ठ बस्दै आएका अधिकारीले पाथीभरा मता नाम गरेको नक्कली फेसबुक पेजमार्फत ब्ल्याकमेल गर्दै आएका थिए ।

उक्त पेजमार्फत रोजगारीका विभिन्न प्रस्तावहरुको प्रचार गरी त्यसका लागि फिजिकल फिटनेसको जाँ गर्नुपर्ने भनी नग्न फोटो र भिडियो उनले माग्दै आएका थिए । फोटो भिडियो पाएपछि अधिकारीले आफूले भने अनुसारका गतिविधि नगरे सार्वजनिक गरिदिने भन्दै ब्ल्याकमेल गर्दै आएका थिए । उनलाई विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसुरमा पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट ७ दिन म्याद थप गरी अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ ।

## ब्राउनसुगरसहित एक जना पक्राउ

**अर्जुनधारा, वैशाख १०।** झापाको अर्जुनधारा-५ पानीकलस्थित बिरीङ खोला जाने कच्ची भित्री सडकखण्डमा लागूऔषधको कारोबार गर्दैगर्दा ब्राउनसुगरसहित एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा कनकाई नगरपालिका -८ बागेडाँगी बस्ने ३१ वर्षीय रवीन चौधरी रहेका छन् । बिरीङ खोला जाने कच्ची भित्री सडकखण्डमा लागूऔषधको कारोबार हुँदैछ भन्ने गोप्य सूचनाको आधारमा प्रहरीले छापा मारेको थियो ।

इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी नायव उपरीक्षक प्रकाश बिष्ट र लागूऔषध नियन्त्रण व्युरो शाखा कार्यालय काँकरभिट्टाबाट गएको संयुक्त प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो । अर्जुनधारा- ४ बस्ने अन्दाजी २७ वर्षीय बिमल राई भने फरार छनर । चौधरीको साथबाट ४० ग्राम ८२० मिलिग्राम ब्राउनसुगर फेला परेको प्रहरीले जनाएको छ । चौधरीलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर अनुसन्धान भइरहेको र फरार राईको खोजी जारी रहेको जिप्रका झापाले जनाएको छ ।

## राजाको भ्रमणमा आज सार्वजनिक बिदा

**काठमाडौं, वैशाख १०।** सरकारले कतारका अमिर (राजा) शेख तमिम बिन हमाल अल थानीको नेपाल भ्रमणका क्रममा वैशाख ११ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

सोमवार सिंहदरबारमा बसेको मन्त्रीपरिषद्को बैठकले कतारका राजा अमिरले आज मंगलबारबाट गर्ने नेपाल भ्रमणको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

सञ्चारकर्मीहरूसँग बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेश गर्ने निर्णय गरेको जानकारी दिइन् ।

उनले विपद्बाट क्षति भएका तथा जोखिममा रहेका निजी आवास प्रवर्द्धन प्रबलीकरण, पुनःस्थापना तथा पुनः निर्माण गर्न तीन तहको सहलगानी हुनसक्ने गरी विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको नियमावली संशोधन गर्ने निर्णय भएको बताइन् । त्यस्तै सरकारले अर्थसचिवमा मधुकुमार मरासिनीलाई सरुवा गरेको छ । कतारका राजाको भ्रमणमा विभिन्न सम्झौताहरू हुने पनि उनले बताइन् । प्रवक्ता शर्माले पर्यटन, खेलकुद, सञ्चार अन्तर्गतका विभिन्न सम्झौताहरू हुने पनि बताइन् । कतारका राजासँग नेपाललाई फाइदा हुने ढंगले सम्झौताहरू हुने उनको भनाइ थियो ।

## उपनिर्वाचनमा १७ सय कर्मचारी खटाइने

**झापा, वैशाख १०।** वैशाख १५ गते इलाम र बझाङमा हुन लागेको उपनिर्वाचनमा करिब एक हजार सात सय कर्मचारी खटाइने भएको छ।

निर्वाचन आयोगले उपनिर्वाचनमा खटिने कर्मचारीको नियुक्ति प्रक्रिया अघि बढाउन निर्वाचन अधिकृतको कार्यालयहरूलाई निर्देशन दिइसकेको छ।

आयोगका अनुसार प्रत्येक मतदान केन्द्रमा सात जना कर्मचारी रहने गरी कर्मचारीको प्रबन्ध मिलाइनेछ। उपनिर्वाचनमा इलाम-२ मा १४९ मतदान केन्द्र र बझाङमा ९३ वटा मतदान केन्द्र तोकिएका छन्।

मतदान केन्द्र अनुसार इलाममा एक हजार ४३ र बझाङमा ६५१ गरी कूल एक हजार ६९४ जनशक्ति परिचालन गरिने आयोगले जनाएको छ। प्रत्येक केन्द्रमा एक-एक जना मतदान अधिकृत र सहायक मतदान अधिकृत तथा पाँच जना सहयोगी कर्मचारी रहने छन्। उपनिर्वाचनमा परिचालन हुने जनशक्ति निर्वाचन अधिकृतको कार्यालयले नियुक्त गर्ने कानूनी व्यवस्था छ।

## मलद्वारमा बोतल अड्किए पछि_

**गोरखा, वैशाख १०।** गोरखाका एक पुरुष आफ्नो स्वास्थ्यमा समस्या देखिएपछि आइतबार उपचारका लागि गोरखा अस्पतालको आकस्मिक कक्षमा पुगे । अस्पतालको आकस्मिक कक्षमा कार्यरत चिकित्सिकको टोलीले रोगको पहिचानका लागि परीक्षण गर्न शुरु गऱ्यो । जाँचका क्रममा भिडियो एक्स-रे गरेर हेर्दा स्वास्थ्यकर्मी त्यतिबेला अचम्ममा परे जतिबेला उपचारका लागि आएका गोरखा नगरपालिका-३, नारेश्वरका ५७ वर्षीय ती पुरुषको मलद्वारमा धातुको बोतल अड्किएको देखियो ।

मलद्वारमा बोतल देखिएपछि चिकित्सकले सोधपुछ गर्दा एक महिनादेखि नै मलद्वारमा बोतल अड्किएको रहस्य खुल्यो । समस्याको पहिचान भएपछि बिरामीलाई तुरुन्तै अस्पतालको शल्यक्रिया कक्षमा राखेर दुरबिनबाट हेर्दा आन्द्राको अन्य भागमा सङ्क्रमण नफैलिएको पत्ता लागेपछि शल्यक्रिया गरेर ती पुरुषको मलद्वारमा अड्किएको धातुको बोतल निकालिएको गोरखा अस्पतालका सूचना अधिकारी लिपासा श्रेष्ठले जानकारी दिइन् ।

ती पुरुषको मलद्वारमा विगत एक महिनादेखि कीटनाशक औषधिको बोतल अड्किएको रहेछ- उनले भनिन् -जब उपचारका लागि आइतबार बिहान १० बजे अस्पतालको आकस्मिक कक्षमा आए, त्यहाँ एक्स-रे गरेर हेर्दा मलद्वारमा बोतल देखिएपछि तत्काल शल्यक्रिया गरेर निकालिएको हो ।

अस्पतालका सर्जनद्वय डा. जीतेन्द्रकुमार सिंह र डा. विश्वराज खड्का तथा एनेस्थेसियोलोजिष्ट डा. शम्भु अधिकारीलगायतका चिकित्सकको टिमले

*(बाँकी अन्तिम पृष्ठमा)*







# आगलागी पीडितलाई राहत



**रोङ, वैशाख १०।** इलामको रोङ गाउपालिका -४ मा आगलागी पीडित परिवारलाई राहत सकलन शुरु भएको छ। नेपाल रेडक्रस सोसाइटी हाँसपोखरी उपशाखाले त्रिपाल लगायतका आवश्यक सामग्री उपलब्ध गराएको छ।

आगलागी पीडितलाई रोङ उद्योग बाणिज्य संघले नगद ५ हजार एक सय, रोङ गाउपालिकाबाट खाद्यान्न र किराना सामान उपलब्ध गराइएको छ। गाउँपालिका उपाध्यक्ष बिष्णुमाया खवासले नगद २ हजार १ सय तथा पत्रकार गणेश अर्यालले नगद एक हजार उपलब्ध गराएका छन्। त्यसैगरी अन्य सहयोगीहरुले पनि नगद तथा जिन्सी सामग्रीहरु प्राप्त भइरहेको रोङ -४ का वडा सदस्य बलबहादुर तामाङले जानकारी दिए।

सालबोटे निवासी धनबहादुर पाखिन तामाङको घरमा आगलागी भएको थियो। आगलागीबाट घरको कुनै पनि सामान बाहिर निकाल्न नसकिएको घरधनी तामाङले बताए। प्रहरी, जनप्रतिनिधि, स्थानीयबासी, उद्योग बाणिज्य संघ, रेडक्रसकर्मी, पत्रकार लगायतको उपस्थितिमा क्षतिको मूल्याङ्कन गरिएको थियो। तामाङको काठले बनेको २ तले घर जल्दा करिब १४ लाख ५५ हजार रुपैयाँ बराबरको क्षति भएको मूल्याङ्कन गरिएको वडा सदस्य बलबहादुरले बताए। राहतमा प्राप्त भएको त्रिपालको टहरो बनाएर अहिले पीडितहरु बास बसेका छन्।

घरमा धनबहादुर, उनकी श्रीमती सोममाया, छोरा बिजय, बुहारी सीता र ३ बर्षकी नातिनी पेमसाङ बस्दै आएका थिए। छिमेकीकोमा बिरामी हेर्न गएको अवस्थामा घरमा आगलागी भएकाले कुनै पनि सामान निकाल्न नसकिएको बुहारी सीताले बताइन्। आगो निभाउने क्रममा घरधनी तामाङ सामान्य घाइते भएका थिए।

# त्रिदिवसीय पुस्तकालय तालिम




**सुरुङ्गा, बैशाख १०।** नेपाल अङ्ग्रेजी भाषा शिक्षक संघ (नेल्टा) झापाको आयोजनामा पुस्तकालय व्यवस्थापन तथा सिप विकास तालिम शुरु भएको छ।

बैशाख १२ गतेसम्म महेन्द्ररत्न मावि अनारमनी विर्तामोडमा भइरहेको तालिममा झापाका विभिन्न विद्यालय, क्याम्पस र शैक्षिक प्रतिष्ठानका २५ जना पुस्तकालय संयोजक, प्रमुख तथा कर्मचारीको सहभागिता रहेको छ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको सहयोगमा सञ्चालित तालिममा पुस्तकालयका लागि पुस्तक छनोट, खरिद प्रक्रिया, दर्ता प्रक्रिया, वर्गीकरण, रखाइ, पुस्तक वितरण र संरक्षणका बारेमा प्रशिक्षण केन्द्रित रहने तालिम संयोजक एवम् नेल्टा झापाका पूर्व अध्यक्ष धर्मेन्द्र भट्टराईले जानकारी दिए।

तालिममा त्रिभुवन विश्व विद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुरका प्रमुख सागरराज सुवेदी र पुस्तकालय अधिकृत विजय शर्माले सहजीकरण गरिरहेका छन्। तालिममा संसारमा प्रचलित पुस्तकालय सञ्चालनका विविध प्राविधिक पद्धतिका सम्बन्धमा सैद्धान्तिक र व्यावहारिक पक्षका बारेमा प्रकाश पारिने आयोजक दीपक वाग्लेले जानकारी दिए।

नेल्टा झापा अध्यक्ष प्रकाश पराजुलीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा मेची बहुमुखी क्याम्पस भद्रपुरका क्याम्पस प्रमुख जीवन पोखरेल, विर्तामोड नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख तिलचन भण्डारीको उपस्थिति रहेको थियो।

कार्यक्रममा कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक क्याम्पस प्रमुख शेरबहादुर बानियाँ, महेन्द्ररत्न माविका प्रधानाध्यापक खड्ग खरेल, युनिक बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक प्राध्यापक विष्णुकुमार रिजाल, इन्द्रचन्द्र बहुमुखी क्याम्पस विर्तामोडका पुस्तकालय व्यवस्थापन संयोजक स्वस्तिका आचार्य लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रमको सञ्चालन नेल्टा झापा सचिव केशव उप्रेतीले गरेको बताइएको छ।


## कनकाई उद्योग वाणिज्य संघ, झापा

कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

मितिः २०८१/०१/१०

यस संघको कार्यालय व्यवस्थित रुपमा सञ्चालन गर्न तपसिल बमोजिमको कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकबाट आवेदन आव्हान गरिन्छ।

पद :- कार्यालय प्रमुख शैक्षिक योग्यता :- १०+२ पास

तलब :- संस्थाको नियम अनुसार।

प्राथामिकता :- स्थानीय बासिन्दा, कम्प्युटर सम्बन्धी दक्ष, मोटरसाइकल/स्कुटर चलाउन सक्ने आदि।

निवेदन पेस गर्ने अन्तिम मिति :- २०८१ साल बैशाख १३ गते बिहीबारसम्म।

सम्पर्क नं. :- ०२३-५५३१००/९८०६०६८०८०/९८०१४००२५७

तुलसी बिमली
अध्यक्ष


# घुर्बिसेमा शिवालय मन्दिर उद्घाटन

युद्धबहादुर बोहोरा

**इलाम, वैशाख १०।** इलाम र पाँचथर सिमाना घुर्बिसे-पञ्चमी बजारमा निर्माण भएको शिवालय मन्दिरको देउमान थेवेले उद्घाटन गरेका छन्।

पाँचपाण्डव धारा र पात्ले धाराको शिरमा फाल्गुनन्द गाउँपालिकाको लगानीमा निर्माण गरिएको घुर्बिसे-पञ्चमी शिवालय मन्दिरमा शिवको मुर्ति प्राण प्रतिस्ठा गरी उद्घाटन गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

नेपाली कांग्रेस झापा जिल्ला सभापतिसमेत रहेका समाजसेवी थेवेले भारतबाट ल्याएको भगवान शिवको मुर्तिसहित शिवलिङ्ग सौजन्य गरेर एक थियो। पालिका र मन्दिर व्यवस्थापन समितिको तर्फबाट मुर्तिदाता थेवेलाई सम्मान पत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

६४ प्रतिशतभन्दा बढी लिम्बू जातिको बसोबास रहेको यस भूगोलमा धार्मिक सद्भाव र सहिष्णुता कायम राख्दै सवै जातजाति, समुदाय र धर्मावलम्बीहरुको आस्थालाई गाउँपालिकाले सम्मान गर्ने पालिका अध्यक्ष बृजहाङ आङ्देम्बेले बताए। धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै पालिकामा आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने पालिकाको लक्ष्य रहेको उनले बताए।

हाल मन्दिर निर्माण भई सञ्चालनमा आए तापनि मन्दिरसम्म पुने सिंढी, रेलिङ, वसाहाको मुर्ति, धारा, शौचालय, घेराबारा तथा भजनकीर्तनस्थल र पुजारी बस्ने कोठा पनि आवश्यक रहेको हुँदा इच्छुक दाताहरुलाई सहयोग गर्न समितिले अपिल गरेको छ। धार्मिक, पर्यटकीय महत्व बोकेका स्थानको प्रवर्द्धनका लागि थप रकम पालिकाले सहयोग गर्ने उपाध्यक्ष ठाकुर नेम्बाङले प्रतिवद्धता जनाएका छन्।

वडा नं. ५ का अध्यक्ष विष्णुकुमार चेम्जोङ, निमित्त प्रमुख प्रशासकीय अधिकृत निर्मल अधिकारी, स्थानीयबासी लगायतको उपस्थिति रहेको कार्यक्रम मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण दाहालको अध्यक्षतामा भएको थियो।

शिक्षक सूर्यप्रसाद लामिछानेले सञ्चालन गरेको कार्यक्रममा उद्घाटन पश्चात पूजाआजा तथा दर्शन गर्नेको चहलपहल बढेको समितिका सचिव वीर नरसिंह चेम्जोङले बताए।



कार्यक्रमका बीच उद्घाटन गरेका हुन्। मन्दिर सञ्चालनमा आएपछि पूजापाठ गर्न टाढा जानु पर्ने वाध्यता अन्त्य भएको भन्दै स्थानीयबासीले खुशी प्रकट गरेका छन्।

विगत केही वर्षअघि निर्माण गरिएको मन्दिरको विविध कारणले सञ्चालन हुन सकेको थिएन। मन्दिरमा पूजाआजासहित कलशयात्रा, भजनकीर्तनसहित प्राणप्रतिष्ठा गरिएको


## कर्मचारी आवश्यकता

मितिः २०८१-०१-१०

पद : रिसेप्सनिष्ट (पुरुष/महिला)
संख्या : १ जना
योग्यता : १०+२ उत्तीर्ण र कम्प्युटर सम्बन्धी जानकारी भएको।
निवेदन बुझाउने अन्तिम मिति : वैशाख मसान्तसम्म।
सम्पर्क : ९८६२९११३०१
इमेल : ovhok.contact@gmail.com

डाइनामिक ओभोक प्रा.लि.
अर्जुनधारा नगरपालिका-८, पेट्रोलपम्प अगाडि (झापा)


## मलद्वारमा...

सफल शल्यक्रिया गरेको उनले जानकारी दिए।

चिकित्सकले तीन घण्टा लगाएर गरेको शल्यक्रियाबाट पुरुषको मलद्वारबाट १० सेन्टिमिटर लम्बाइ र ७.८ सेन्टिमिटर गोलाइको डब्बा निकालिएको हो। ती पुरुषको मलद्वारमा बोतल कसरी अड्कियो भन्नेबारेमा भने खुल्न बाँकी रहेको अस्पतालले जनाएको छ। शल्यक्रिया पश्चात् बिरामीको अहिले अस्पतालको सघन उपचार कक्षमा राखेर उपचार भइरहेको सूचना अधिकारी श्रेष्ठले जानकारी दिइन्।

## भारतीय...

समेत भारतीय पक्षसँग कुरा भइरहेको र विगतका नियमलाई नै लागू गर्ने गरी प्रयास भइरहेको उनले बताए।

उनले भारतीय पक्षको नयाँ नियमका कारण निकासी शुल्क बढ्ने बताए। निकासी शुल्क बढ्दा किसानलाई भने त्यसको प्रत्यक्ष असर पर्ने देखिएको छ।

यसले नेपाली चिया ब्यवसायी तथा किसानलाई निरुत्साहित बनाउने गरेको ब्यवसायीहरुको भनाइ छ। भारतकै मात्र भर पर्दा वर्षेनि चिया तथा कृषिजन्य वस्तु निर्यातमा समस्या भोग्नुपरेको किसानहरुको गुनासो छ।


## समाजसेवी बहुउद्देश्यीय सहकारी संस्था लि.को सूचना

दोस्रोपटक प्रकाशित मिति २०८१।०१।११

यस संस्था विगत १५ महिनादेखि सञ्चालनमा नरहेको र कर्मचारीहरु समेत कोही सम्पर्कमा नरहेको परिस्थितिमा संस्था पुनः सञ्चालनमा ल्याउने उद्देश्यले मिति २०८०।१२।२८ गते निर्वाचन प्रक्रियामार्फत गठन भएको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिले संस्थाको वास्तविक सम्पत्ति र दायित्व यकिन गर्नुपर्ने भएको हुँदा यस संस्थासंग आवद्ध सम्पूर्ण शेयर सदस्यहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफ्नो पासबुक वा अन्य प्रमाणसहित संस्थाको कार्यालयमा स्वयम् उपस्थित भई बचत दावी गर्न आउनुहुन अनुरोध छ।

संस्थाको कार्यालयः बिर्तामोड-४, पश्चिम बस स्टेण्ड दक्षिण (पुरानै हेडअफिस)
सम्पर्कः ९८०७९०५७५२ (सचिव), ९८१५००१८४४ (सहसचिव)

सञ्चालक समिति



## भावपूर्ण श्रद्धाञ्जली / समवेदना



स्व. मालादेवी सापकोटा अधिकारी
जन्म : २०३६।०६।१२
निधन : २०८१।०१।०१

हाम्रो यस अनन्त परोपकार बचत तथा ऋण सहकारी संस्था लि. का संस्थापक एवम् कार्यकारी निर्देशक गोकुलप्रसाद अधिकारीकी धर्मपत्नी, यस संस्थाकी संस्थापक एवम् सञ्चालक समिति सदस्य **मालादेवी सापकोटा अधिकारी**को यही मिति २०८१/०१/०१ गते साँझ ७:१० बजे भएको अकल्पनीय चिरवियोग तथा महाप्रस्थानको संवेदनशील क्षणमा सहज बैकुण्ठबासको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।


साथै गोकुलप्रसाद अधिकारीकी परम्प्रिय श्रीमती र छोरा अभिषेकप्रताप र छोरी अस्मिता अधिकारीकी ममतामयी मातासँगको वियोगको कष्टपूर्ण क्षणमा रहनु भएका अन्य सम्पूर्ण परिवारजनमा शोक सहन गर्न सक्ने क्षमता परमपिता परमेश्वरले प्रदान गरुन् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।

अनिश रिमाल (कार्यालय सहायक) / भाष्करप्रताप अधिकारी (सेवाकेन्द्र प्रमुख) / प्रवचन नेपाल (कर्जा प्रबन्धक) / रवीन कोइराला (वरिष्ठ प्रबन्धक)

बजार प्रतिनिहिरुः बालकुमारी भट्टराई/पवित्रा अधिकारी/बर्तदिपी राजवंशी/रेजिना सुवेदी/हिमा यादव एवम् सम्पूर्ण सञ्चालक समिति पदाधिकारीहरु

**अनन्त परोपकार बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, एक कि.मि. देवशान्ति टोल







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

### आज लोकतन्त्र दिवस

**प्रत्येक वर्षको बैशाख ११ गते लोकतन्त्र दिवस मनाउने गरिएको छ । चलनचल्तीको शब्दमा डेमोक्रेसी भनिने यसलाई प्रजातन्त्र पनि भनिन्छ । राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनहरु मध्ये ०६२/०६३ सालमा भएको बृहत् प्रदर्शन र आन्दोलनले गणतन्त्रात्मक राज्य व्यवस्था ल्याउन खेलेको भूमिकाको सम्मानमा मनाउन थालिएको यो दिवस समग्र जनताद्वारा शासन गर्ने प्रणालीको पर्याय हो । आन्दोलनले सफलता प्राप्त गरेको अवधि झण्डै दुई दशक हुन लागेको छ, तर परिवर्तित व्यवस्थाले जनतालाई के दियो ? जनता कति सार्वभौम, शक्तिशाली र समृद्ध भए ? वा राष्ट्र आर्थिक, भौतिक र प्रतिष्ठाका हिसाबले कति बलियो भयो ? त्यसको हिसाब खोज्ने बेला आएको छ ।**

**नयाँ शब्दावली अनुसार नै लोकतन्त्र भनेको जनताको प्रत्यक्ष शासन व्यवस्था हो । लोकतन्त्रमा जनता यति शक्तिशाली हुन सक्छन् कि उनीहरुले नै शासन सत्ता सञ्चालन गर्छन् । कुनै वंश विधानद्वारा सञ्चालित तथा निर्देशित राज्यव्यवस्था लोकतान्त्रिक हुन सक्दैन, त्यसले सुशासनको पनि अनुभूति गराउँदैन भनेरै आमजनताले जीवन समर्पण गरेको परिणाममा राजतन्त्रको अन्त्य भएको थियो । जनताकै मुक्ति र स्वतन्त्रताका लागि भन्दै भएको सशस्त्र हिंसामा हजारौंले मृत्युवरण गरेका थिए, नयाँ नेपालको खाका कोरिएको पनि थियो । हो त्यही सत्ता र प्रदर्शनकारीबीच भएको सहमतिले भएको उन्नाइस दिने सशक्त आन्दोलनले यो निकास विन्दु दिएको हो ।**

**कठोर संघर्ष र सामुहिक संलग्नताले परिवर्तन गरेको सुखद् दिनको पुनस्मरण हो आज । यद्यपि आन्दोलनले नयाँ संविधान दियो, सामुहिकता र सहमतिको दस्तावेज भनिएको नेपालको संविधान २०७२ पनि दियो । गणतान्त्रिक, लोकतान्त्रिक र समावेशीपूर्ण शासन व्यवस्थाको प्रत्याभूति पनि गऱ्यो । तर, राजनीतिक शासन प्रणालीमा भने सुधार भएको अनुभूति हुन पाएको छैन । बलियो आधार हुनुपर्ने प्रदेश सरकार जहिल्यै अस्थिर छन् । केन्द्रमा गठबन्धन बन्न र भत्किन कुनै बार र तिथि कुर्नु पर्दैन । त्यसको असर तत्क्षण प्रदेशमा देखिन्छ । कतै अंशबण्डा नमिलेर सरकार पूर्ण हुन सकेको छैन भने कति वानर न्यायको कैदी भएका छन् । स्वायत्त भनिने प्रदेश सरकार केन्द्रको हस्तक्षेपले संघीयता नै जगहँसाइको विषय बनिएको छ । यसले लोकतन्त्रलाई कमजोर पार्दैछ । यही समय कोशी प्रदेशमा सरकार, दलहरु र सांसदहरुको व्यवहार, गण्डकीमा सर्ने डर बढेको छ । यस्तो अस्थिर, अनिश्चित, अराजनीतिक र अलोकतान्त्रिक चरित्र, व्यवहार र परिपाटी बलियो भइरहेका बेला, सत्ताकै वरिपरि बसेका दलहरुले आफूलाई सुधार्न सकेनन् भने प्राप्त उपलब्धी 'पानीको फोका' हुन बेर लाग्दैन । त्यसैले आजको दिनले सबै राजनीतिक दलहरुलाई चेतना दिनुपर्छ ।**

### सामाजिक सञ्जाल



नागरिकले जम्मा गरेको हजार रुपैयाँ होस वा लाख त्यो नै उसको अर्बौंको सम्पत्ति हो । के दैनिक ज्याला मजदुरी गर्ने होस वा मासिक नागरिकको थोरै-थोरै रकमको कुनै मूल्य छैन ? राज्य यति उदासिन कसरी हुन सक्छ ?

**– बिजय पौडेल**



बजारमा हिपाटाइटिस बि बिरुद्धको खोपको अभाव भएको धेरै दिन भइसक्यो । सम्बन्धित निकायलाई मतलब नै छैन । अझै पनि उपल्लो डोल्पामा २५%, हुम्लामा १५% मनाङमा १२% लाई हिपाटाइटिस बि संक्रमण छ ।

**– सुधान्मसु केसी**



क्षुद्रता मान्छेको सोचमा हुन्छ जुन उसको बोली/व्यवहारबाट प्रकट हुने गर्छ ।


**– गनी अन्सारी**



क्षेत्रीयताभन्दा माथि उठ्नुस, नत्र नेपाली क्रिकेट धरासायी हुन बेर लाग्दैन ।

**– विनोद पाण्डे**

# अस्थिरतामा प्रदेश



**डा. सुरेश आचार्य**

नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा सङ्घीय अवधारणा शुरु भएको हो । २०७४ मा भएको निर्वाचनले यसको संस्थागत र व्यवहारिक प्रारम्भ मात्र गरेको छैन, मुलुकमा तीन तहको सरकार छ र हरेक सरकारका आ-आफ्ना दायित्व र जिम्मेवारी सुनिश्चित गरेको छ । प्रदेशसभा र प्रदेश सरकारका सरकारी भवन निर्माण भएका छन् । हरेक पालिकाले आफ्ना भवन बनाएर उपलब्धिका सूची बढाउने काम गरिरहेकै छन् । नागरिकले घरदैलोमा सिंहदरबार पाए पाएनन् भन्ने विषयको बहस फरक हुन सक्ला, तर पालिकाले स्थानीय सरकारका रूपमा आफ्ना कामलाई प्रभावकारी बनाउने प्रयत्न गरेका छन् । यद्यपि प्रदेश सरकारको औचित्यका बारेमा प्रश्न उठाउने राजनीतिक दलको खाँचो अहिले पनि छैन ।

मुलुक सङ्घीयतामा जाँदै गर्दा जुनखालको निर्वाचन पद्धति अवलम्बन गरियो, यसले समानुपातिक समावेशी राजनीतिलाई प्राथमिकता दिएको छ । सबै वर्ग समुदायले आफ्ना जनप्रतिनिधि पाएका छन् । समानुपातिकमा तेस्रो पटक लगातार अवसर नपाउने प्रावधानले नयाँ नेतृत्वलाई अवसर प्रदान गरेको छ । हरेक राजनीतिक दलमा लाग्नेहरूले यो अवसर पाउने भएका छन् । यो प्रद्धतिका आधारमा कुल संख्याको ४० प्रतिशतले अवसर पाएका छन् । संविधानले सकारात्मकरूपमा सोचेको यो व्यवस्था राजनीतिक स्थायित्वका लागि भने प्रत्युत्पादक भएको छ । एउटै पार्टीले बहुमत पाउने सम्भावनालाई यो व्यवस्थाले क्षीण बनाएको छ । यसले गर्दा दलीय प्रतिस्पर्धाका आधारमा निर्वाचन लड्ने नभई सत्तामा पुग्नका लागि गठबन्धन बनाउनुपर्ने बाध्यतामा दलहरू पुगेका छन् ।

पछिल्लो समयमा राजनीतिक सत्ताका लागि गरिने गठबन्धनको विश्वसनीयता पनि टुटेको छ । राजनीतिक दललाई निर्वाचनमा रोज्दै गर्दा किन कसलाई मत दिने भन्ने प्रश्न उब्जाएको छ । यसले मतदाताले कुनै दललाई सत्तामा देख्ने चाहनाले दिएको मत खण्डित हुने गतिविधि राजनीतिक नेतृत्वबाट हुन थालेको छ । यसको प्रभाव सङ्घीय सत्तामा मात्र परेको छैन, प्रदेश सरकार पनि पटक-पटक तहसनहस भएका छन् । सङ्घीय सरकारको स्वार्थ र प्रदेश सरकारको आवश्यकतालाई ख्याल नै नगरी दुबै तहमा पटक-पटक सत्ता परिवर्तन भएका छन् । सङ्घमा गठबन्धनको स्वरूपमा जुनसुकै ढङ्गमा परिवर्तन भए पनि सरकारको नेतृत्वको निरन्तरता छ । तर, प्रदेश सरकारमा त्यस्तो अवस्था रहेन । केबल यसले सरकारमा अस्थिरता जन्माएको छ । हरेक पटक मुख्यमन्त्रीसहित सरकार परिवर्तन भएका छन् । यसले सङ्घ वा प्रदेशसभामा हुने राजनीतिक प्रतिनिधित्व माथि प्रश्न उठाउन थालिएको छ ।


छ वर्षको सङ्घीय शासन पद्धतिको अभ्यासका बीचमा जति पनि प्रदेश सरकारका समाचार आएका छन्, सरकारको अस्थिरताका विषयले प्राथमिकता पाएका छन् । प्रदेश सरकार र सङ्घीय सरकारबीच अधिकारको प्रश्नमा समस्या देखिएको छ । कर्मचारी भर्नादेखि नयाँ प्रहरी प्रशासन सङ्गठित गर्ने विषयको द्वन्द्व समाधान हुन सकेको छैन । प्रदेश सरकार गठनको विषय अदालतले छिनोफानो गर्नुपर्ने क्रम चलेको छ र यस्तो मुद्दा अहिले पनि अदालतमा विचाराधीन छ । कतिसम्म भने सङ्घीय सरकारबिरुद्ध समेत प्रदेश सरकार अदालत पुगेको अवस्था रह्यो । प्रदेश सरकारको आवश्यकता जुन सोचका साथ संविधानले आत्मसात् गरेको हो, त्यो भावना सङ्घीय सरकारको नेतृत्वले बोक्न नसकेका कारण निम्तिएका यी समस्या हुन् । यसको समाधानका उपायलाई राजनीतिक आँखाबाट मात्र होइन, व्यावहारिकताको कसीमा राखेरसमेत हेर्न सक्नु पर्छ ।

पछिल्लो समय सङ्घीय सरकार परिवर्तन हुँदा प्रदेश सरकार परिवर्तन हुने क्रम चलेको छ । प्रदेश सरकार गठनको आवश्यकता कुनै विकास वा राजनीतिक मुद्दाका आधारमा नभई सङ्घको प्रभावमा पर्ने गरेका छन् । यसले प्रदेश सरकारको स्वायत्ततामा प्रश्न उठाएको छ । प्रदेश सरकार सङ्घको छायाँ मात्र हो भने यसलाई स्वभाविक प्रक्रिया मान्नुपर्ला अन्यथा प्रदेश सरकार मुलुकको हितका पक्षमा हो भने सङ्घको स्वार्थसँग प्रदेश सरकारको स्वार्थ नजोडिनुपर्ने हो । सङ्घीय सभा मात्र होइन, प्रदेश सभाको प्रतिनिधित्वका आधारमा सम्भावित सरकारका लागि चलखेल गरिरहने यो प्रवृत्तिले सरकारका काम मात्र प्रभावित भएका छैनन्, प्रदेशको औचित्यका बारेमा प्रश्न उठाउने दल र व्यक्तिलाई नै यसले मलजल गरेको छ ।

यी घटनाक्रमसँगै निर्वाचनमा हुने गठबन्धनले लोकतान्त्रिक प्रतिस्पर्धालाई कमजोर बनाएको अनुभूति प्रमुख राजनीतिक दललाई समेत हुन थालेको छ । नेपाली कांग्रेसको दुई महिनाअघि भएको महासमिति बैठकमा आगामी निर्वाचनमा एकल निर्वाचनमा जाने विषयमा राम्रै बहस भएको छ । कांग्रेस महासमिति बैठक भएकै थलो गोदावरीमा शुरु भएको नेपाल कम्युनिस्ट पार्टी ( एमाले)को प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा पनि यो विषयले प्रवेश पाएको छ । बैठकलाई सम्बोधन गर्दै नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक दलबीच सिद्धान्त, विचार र नीतिका आधारमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्ने बताउनु भएको छ ।

दलबीचको प्रतिस्पर्धाले लोकतन्त्रलाई बलियो बनाउने तथा दलहरू बीच सङ्गठनको बलमा र राम्रा काममा स्वस्थ प्रतिस्पर्धा हुने कुराले समाजमा लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउने उल्लेख गर्नुभएको छ । उहाँको यो अभिव्यक्तिले राजनीतिक निरन्तरता पाउने हो भने लोकतन्त्रको मर्म अनुरूपको निर्वाचनको आशा जगाएको छ । यसले बहुदलीय प्रतिस्पर्धालाई मात्र सुनिश्चित गर्ने छैन, लोकतान्त्रिक संसदीय पद्धतिको मर्मलाई संस्थागत गर्न मद्दत पुऱ्याउने छ ।

कांग्रेस र एमालेमा बहसको विषय बनेको दलबीचको स्वच्छ प्रतिस्पर्धाको विषयले सानो भए पनि पार्टीको नेता हुने र सरकारको बैशाखी बन्ने सोच, संस्कार र प्रवृत्तिको अन्त्य गरी सरकारको स्थायित्व र राजनीतिक आदर्श तथा सिद्धान्तप्रतिको जनविश्वास बढाउनलाई सहयोग गर्छ । संविधानले नै सरकारको स्थायित्वको परिकल्पना गरेर एक पटक बनेको कम्तीमा दुई वर्ष टिक्नु पर्छ भन्ने मान्यतालाई अङ्गीकार गरेको छ, तर राजनीतिक दलका पछिल्ला व्यवहारले संविधानको यो परिकल्पनालाई समेत असफल बनाइरहेका छन् । दलका सांसदको संख्या गनेर गरिने चलखेलका आधारमा सरकारको स्थायित्व हुन सक्दैन । सरकारको प्रतिबद्धता र नेतृत्वको राजनीतिक इच्छाशक्तिका आधारमा सरकारको निरन्तरता वा बहिर्गमन हुने अवस्था आउँथ्यो भने राजनीतिक प्रणाली र निर्वाचन पद्धतिका बारेमा जनविश्वास बढ्ने थियो ।




निर्वाचन परिणामपछि बन्ने सङ्घीय वा प्रदेश सभाको संरचना नागरिक अभिमतको परिणाम हो । त्यसलाई अस्वीकार गर्ने सम्भावना रहँदैन, तर नागरिकले कुनै दललाई रोज्दै गर्दा उसलाई सत्तासीन गराउने चाहना नै राखेका हुन्छन् । संसदीय संरचनाले नागरिकको त्यो चाहनाको शत्प्रतिशत प्रतिनिधित्व गर्ने सम्भावना रहँदैन । यसको अर्थ उनीहरूको भावनालाई बोक्ने सम्भावित सरकार नै हुँदैन वा रहँदैन भन्ने पनि होइन । संसदीय संरचनाका आधारमा उत्तम विकल्पमा जाने छुट हरेक दललाई हुन्छ । त्यसैले हामी यस्तो राजनीतिक सम्भावनाको कल्पना गरौँ, जहाँ निर्वाचनमा हुने प्रतिस्पर्धा मतदाताले मन मारेर मतदान गर्ने होइन, मनले स्वीकार गरेर मत दिने अवस्था सिर्जना हुन सकोस् ।


यो सकारात्मक सोचलाई अगाडि बढाउने तथा निरन्तरता दिने हो भने निर्वाचन पद्धति र प्रतिनिधित्वका विषयमा गम्भीर बहस जरुरी छ । सङ्घ र प्रदेश दुबै तहका सभालाई अब प्रत्यक्ष निर्वाचनमा नै लैजानु पर्छ । यसको अर्थ समानुपातिक समावेशीको सिद्धान्तको अवधारणालाई तिलाञ्जली दिनुपर्छ भन्ने पनि होइन । यसलाई या त प्रत्यक्ष निर्वाचनमा उनीहरूको उम्मेदवारी सुनिश्चित गर्ने भूगोल वा उम्मेदवारीका अरू उपाय अवलम्बन गर्न सकिन्छ अन्यथा सङ्घका हकमा राष्ट्रिय सभालाई निर्वाचित होइन, मनोनयनका माध्यमबाट समानुपातिक समावेशी चरित्रको बनाउन सकिन्छ । निर्वाचनको यो पद्धतिका अरू विकल्प छन् भने त्यसमा बहस र छलफल गर्न सङ्कोच मान्नुपर्ने कारण छैन । संविधानलाई व्यवहारको कसीमा राखेर संशोधन गर्न राजनीतिक दलबीच सहमति नभई यो सम्भव छैन । यो सहमति खोज्नु अहिलेको संसदीय संरचनामा फलामको चिउरा चपाउनु सरह बन्यो भने अन्यथा मान्नु पर्दैन । गोप

# हनुमान जयन्तीको महत्व

प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन मनाइने रामभक्त हनुमान जन्मजयन्ती आज विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइँदैछ । चैत्र शुक्ल पूर्णिमाका दिन हनुमानको पूजा आराधना गरेमा बल, बुद्धि, विद्या मिल्ने, दुःख र सङ्कटबाट मुक्ति पाइने विश्वास छ । यस अवसरमा हनुमानढोकास्थित हनुमानको मूर्ति, पशुपतिस्थित हनुमान मन्दिर, गोकर्णेश्वर नगरपालिका-४ उत्तरगया क्षेत्रमा रहेको पञ्चमुखी हनुमान लगायत देशभरका हनुमान मन्दिरमा पूजा आराधना गरिन्छ । हनुमानढोका दरबारको नासलचोकनजि कै रहेको पञ्चमुखी हनुमान मन्दिरमा भने पुजारीले मात्र पूजा आराधना गर्ने चलन छ ।

हनुमान जयन्तीका अवसरमा झापासहित देशका विभिन्न स्थानमा शोभायात्रा गर्ने गरिन्छ । झापाका बिर्तामोड, काँकरभिट्टा, चन्द्रगढी, सुरुङ्गा, दमक लगायतका विभिन्न स्थानमा हनुमान जयन्ती मनाइँदैछ । यसैबीच बिहानैबाट हुमान मन्दीरमा भक्तजनको भिड लागेको छ । हनुमान आराधना मण्डल, मारवाडी सेवा समिति, अग्रवाल सेवा केन्द्र लगायतले हनुमान जयन्तीका अवसरमा विभिन्न कार्यक्रम गर्दै आएका छन् । संस्कृत ब्याकरण अनुसार 'हनु' धातुमा 'मतुप' प्रत्यय लागेर हनुमान शब्द बनेको छ । हनुको अर्थ चिउँडो हो । यो हन् धातुबाट बनेको छ । 'हन्' धातुको अर्थ हिंसा अथवा गति भन्ने हुन्छ ।

अतः हनुमान शब्दको अर्थ वेगवान् गतियुक्त शक्ति भन्ने हुन्छ । हनुको अर्को अर्थ आज्ञापालक पनि भनिएको छ । त्यसैले पनि हनुमान भगवान् रामभक्त थिए भनिन्छ । भगवान् रामको जीवनमा भएका घटनाले हनुमानको व्यक्तित्वलाई सर्व प्रतिष्ठित 'देव' बनाइदियो । भय मनुष्यको मूलभूत प्रवृत्ति हो । दुष्ट आत्माको प्रकोपबाट बचाउने वाला शक्तिको नाम हनुमान हो । पहिले बाँदरको नाम स्मरण वा दर्शन अशुभ मानिन्थ्यो । हात्तीलाई शुभ मानिन्थ्यो । हनुमानलाई 'मङ्गलमूरत'को रूपमा अथवा शङ्कट मोचकको रूपमा पुजन गर्न थालियो । त्यसकारण




बच्चादेखि बूढासम्म सबैले भयबाट मुक्तिको लागि 'हनुमान चालिसा'को पाठ गर्ने परम्परा शुरु भयो ।

हनुमानलाई वायुका छोरा मानिन्छ । हनुमानले जुनसुकै रूप धारण गर्न सक्ने विश्वास गरिन्छ । शतरुद्र संहितामा एकादश रुद्रमध्ये ११औं रूप हनुमानको मानिएको छ । रुद्र हनुमान सम्प्रदायको विकास हुनुपूर्व नै अस्तित्वमा आइसकेका थिए । यसरी रामायणभन्दा पूर्व हनुमानको अस्तित्व रहेको शास्त्रीय मत छ । रामायण नै हनुमानको बारेमा जानकारी दिने सबभन्दा आधिकारिक स्रोत हो । वैदिक शास्त्रीय ग्रन्थमा पनि विष्णु अवतारका रूपमा जन्म लिनुभएका रामचन्द्रलाई सहयोग गर्न शिव अवतारका रूपमा हनुमानले पनि जन्म लिनुभएको वर्णन गरिएको छ ।

वैष्णव सम्प्रदायमा हनुमानलाई ब्रम्हचारी, सङ्कटमोचक, सिद्धिदाता, शत्रुविजयको लागि पनि पूजा गर्ने गरिन्छ । उनको पूजा र उपासना गरेमा रोग व्याधिबाट, शत्रु बाधाबाट, राजाको भयबाट, प्राकृतिक शक्तिको बाधाबाट, पिचासी शक्तिबाट, भूतबाट, बतासबाट, खोलाबाट, आगोबाट, राक्षसी शक्तिको प्रकोपबाट र बेतालबाट पनि मुक्ति पाइन्छ भन्ने धारणा आज पनि वैष्णव सम्प्रदायका समर्थकहरूले विश्वास गर्ने गर्दछन् । वर्तमान समयमा मानिसहरू उनलाई सङ्कटमोचन, कष्टबाट मुक्ति, शत्रु विजय र भूत, पिचासबाट मुक्ति पाउनको लागि पूजा गर्दछन् । हनुमानको पूजा विशेषगरी सङ्कटबाट मुक्ति पाउनका लागि यस सम्प्रदायको मानिसहरूले गर्दछन् । विशेषगरी प्रयाभिज्ञा शक्ति, ब्रम्हचार्य शक्ति, कठोर व्रत शक्ति, बुद्धि, माधुर्य शक्ति प्राप्त गर्नको लागि हनुमानको पूजा गरिन्छ । यस मतका अनुयायीहरूले उनलाई शत्रु विजय प्राप्त गर्नको लागि पनि पूजा गर्ने गर्दछन् । हनुमानलाई भक्तियोगको लागि महत्त्वपूर्ण मानिन्छ । उनले भक्तियोग र कर्मयोगद्वारा रामको सामिप्य प्राप्त गरेका थिए । वैष्णव सम्प्रदायमा हनुमानलाई विभिन्न यौगिक शक्ति प्राप्तिको लागि पनि पूजा गर्ने चलन छ । आठ प्रकारका यौगिक शक्तिहरू अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्रकाम्य, इशित्व र वशित्व उनमा थिए । साथै हनुमानलाई परब्रम्हा र रौद्ररूपमा पनि स्मरण गरिन्छ ।

स्कन्द पुराणको अवन्तिखण्डमा हनुमानभन्दा जगत्मा ठूलो प्राणी कोही छैन भन्ने व्याख्या गरिएको छ । परब्रह्म, उत्साह, मति, प्रताप, सुशीलता, माधुर्य, नीति, गाम्भीर्य, चातुर्य, सुवीर्य, धैर्य आदि क्षेत्रमा हनुमान्भन्दा अर्को ठूलो कोही पनि छैन भनी वर्णन गरिएको छ । यस अवसमरमा आज स्त्री पुरुष बाल वृद्ध सबैले पवित्र नदीमा स्नान गरी व्रत एवम् पूजा आराधना गर्दछन् । हनुमानलाई बजरङ्ग बली पनि भनिन्छ । किनकि हनुमानको शरीर एक वज्रको समान थियो । हनुमान पवनपुत्रको रूपमा चिनिनुहुन्छ । किनभने पवन देव ( हावाको देवता)ले हनुमानको पालन पोषणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

पाँचमुखी, अत्यन्त तेजस्वी पराक्रमी, पञ्चतत्व र पञ्चरुद्र स्वरूपी, अति भयानक रौद्ररूपी हनुमानको ध्यान गर्नाले सबै काम पूर्ण हुन्छन् भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पण्डित बालमुकुन्द देवकोटा बताउनुहुन्छ । हनुमानको पूजा आराधना गरेमा रोग व्याधि, बाधा, राजाको भय, प्राकृतिक शक्तिको बाधा, पिचासी शक्ति, भूत, नकारात्मक तत्व, बतास, खोला, आगो, राक्षसी शक्तिको प्रकोप र बेतालबाट पनि मुक्ति पाइन्छ भन्ने मान्यता छ ।

हनुमानले भक्तियोग र कर्मयोगद्वारा रामको निकटता प्राप्त गर्नुभएको थियो । वैष्णव सम्प्रदायमा हनुमानलाई विभिन्न यौगिक शक्ति प्राप्तिको लागि पनि पूजा गर्ने चलन छ । आठ प्रकारका यौगिक शक्ति अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्रकाम्य, इशित्व र वशित्व हनुमानमा थिए । हनुमानलाई परब्रह्म र रौद्ररूपमा पनि स्मरण गरिन्छ । हनुमानको मूर्तिमा सिन्दूर लगाइएको हुन्छ । सिन्दुरले हड्डी एवम् मांशलाई सुसङ्गठित शरीर निमार्णमा भूमिका खेल्छ । आज देशभरका हनुमान मूर्ति एवम् मन्दिरमा पूजा आराधना गर्नुका साथै शोभायात्रा निकालिन्छ । मङ्गलबार र शनिबार हनुमानको विशेष आराधना गर्ने गरिएकामा यस वर्ष हनुमान जयन्ती मङ्गलबार नै परेकाले पनि विशेष अवसर मानिएको छ ।

# नकआउट फुटबल प्रतियोगिताको आयव्यय सार्वजनिक



**अर्जुनधारा, बैशाख १०।** शनिश्चरे फुटबल क्लवको आयोजनामा गत माघमा सम्पन्न भएको दोस्रो यू-१८ वडास्तरीय नकआउट फुटबल प्रतियोगिता-२०८० को आयव्यय सार्वजनिक गरिएको छ।

अर्जुनधारा-८ स्थित क्लवको कार्यालयमा क्लवका प्रमुख प्रशिक्षक पुष्प मादेन लिम्बूको अध्यक्षता र झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले 'मामा'को प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा उक्त क्लवका सचिव हरि गुरुङले प्रतियोगिताको आयव्यय प्रस्तुत गरेका थिए।

प्रस्तुत प्रतिवेदन अनुसार प्रतियोगिताको जम्मा आय चार लाख ६७ हजार दुई सय ९५ रुपैयाँ, जम्मा व्यय तीन लाख ६८ हजार तीन सय ५० रुपैयाँ र जम्मा बचत ९८ हजार नौ सय ४५ रुपैयाँ रहेको छ। प्रतियोगिताबाट बचत भएको रकम मध्ये ५० हजार रुपैयाँ क्लवले स्थापना गरेको अक्षयकोषमा जम्मा गरिने क्लवका कोषाध्यक्ष पेमा तामाङले जानकारी दिए। उक्त अक्षयकोषमा यसअघि ५५ हजार रुपैयाँ जम्मा भएको बताइएको छ।

त्यसैगरी बाँकी रकम हाल क्लवले सञ्चालन गरिरहेको फुटबल ट्रेनिङ, टिम व्यवस्थापन र कार्यालय सञ्चालनमा खर्च गरिने बताइएको छ। फुटबल ट्रेनिङमा नौ वर्षदेखि २२ वर्ष उमेरका ६२ जना खेलाडी सहभागी रहेको कार्यक्रमका सभाध्यक्ष एवम् क्लवका प्रमुख प्रशिक्षक लिम्बूले जानकारी दिए।

कार्यक्रममा प्रमुख अतिथि आले, अर्जुनधारा-७ का वडाध्यक्ष गोविन्द खतिवडा, अर्जुनधारा-८ का वडाध्यक्ष कुमारप्रसाद उप्रेती, अर्जुनधारा नगर खेलकुद विकास समितिका संयोजक सुरेन्द्र धिमाल लगायतले क्लवले फुटबल खेलको प्रबर्द्धनसँगै खेलाडी उत्पादन गर्ने उद्देश्यले सञ्चालन गर्दै आएको उक्त प्रतियोगितालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उक्त कार्यक्रमको सञ्चालन सचिव गुरुङले गरेका थिए।

# गौतम प्रतिष्ठानद्वारा पत्रकारसहित दुई जना पुरस्कृत



**गोपाल अधिकारी**

**ताप्लेजुङ, बैशाख १०।** टिकाराम गौतम स्मृति प्रतिष्ठानको ११औं साधारण सभा तथा १४औं स्मृति दिवस सम्पन्न भएको छ।

फुङ्लिङ नगरपालिका वार्ड नं. ५ मा रहेको जिल्ला रेडक्रस सोसाइटीको सभाहलमा आयोजित कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी रविन्द्रप्रसाद आचार्यले उद्घाटन गरेको सभाको अध्यक्षता तोयानाथ गौतमले गरेका थिए।

कार्यक्रममा प्रहरी नायव उपरीक्षक रवि रावल, सशस्त्र प्रहरी प्रमुख, नेपाली सेनाका गुल्मपति, जिल्लास्थित कार्यालय प्रमुखहरू जिल्ला रेडक्रस सभापति इन्द्र गुरुङ, लेखनाथ गौतम, हर्कयाक्सो विकास गौतम लगायत समाजसेवी गन्यमान्य जिल्लाबासीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी ताप्लेजुङ शाखाको जग्गा प्राप्ति भवन निर्माण लगायत सामाजिक कार्यमा स्थापनाकालदेखि लगातार १४ वर्षसम्म पुऱ्याएको सेवा तथा विविध संघ-संस्थामा नेतृत्वदायी भूमिकामा रहेर समाज रुपान्तरणको क्षेत्रमा समाजलाई गरेको सहयोगको स्मरण गर्दै स्वर्गीय गौतम को योगदानको बारेमा चर्चा गरिएको थियो।

जसअनुरूप स्वर्गीय टीकाराम गौतम परिवारद्वारा प्रतिष्ठान स्थापनाकालदेखि प्रत्येक वर्ष तीन विधामा उत्कृष्ट रहने तीनजना जिल्लाबासी व्यक्ति र संस्थालाई नगदसहित सम्मानपत्रद्वारा पुरस्कृत गर्दै आइरहेको अध्यक्ष गौतमले जानकारी गराएका थिए।

यस वर्ष सम्मानित हुनेहरूमा उत्कृष्ट पत्रकारिता पुरस्कारबाट रेडियो तमोरमा कार्यरत पत्रकार मनमाया लिम्बू, सामाजिक सेवा पुरस्कारबाट समाजसेवी हर्क याक्सो र उत्कृष्ट उपशाखा पुरस्कारबाट साँगु उपशाखालाई नगद दोसल्लाह र प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको थियो।

कार्यक्रममा संस्थाको वार्षिक तथा आर्थिक प्रतिवेदन सचिव प्रकाशमणि गौतमले प्रस्तुत गरेका थिए। सोही समारोहमा प्रतिष्ठानद्वारा तयार गरिएको विक्रम सम्वत् २०८१ सालको भित्ते पात्रो क्यालेन्डर) बिमोचन गर्दै संस्थाको नाममा जिल्लाबासीलाई सहज हुनेगरी एम्बुलेन्स सेवा सञ्चालनमा रहेको गौतमले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका थिए।

जिल्ला रेडक्रस सोसाइटी ताप्लेजुङ शाखा, उद्योग वाणिज्य सङ्घ ताप्लेजुङ र माता पाथिभरा संरक्षण र सम्बर्द्धनमा स्वर्गीय गौतमको देन अतुलनीय रहेको लेखनाथ गौतमले जानकारी गराएको कार्यक्रमको सञ्चालन प्रकाशमणि गौतमले गरेका थिए।

# गुडिया बनाउने तालिम

**बिर्तामोड, बैशाख १०।** गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत बिर्तामोड नगरपालिकाले वडा नम्बर १ मा आयोजना गरेको गुडिया बनाउने तालिम सम्पन्न भएको छ।

गत चैत १९ गतेदेखि शुरु भएको उक्त तालिममा वडाका १३ जना कार्यक्रममा प्रमुख अतिथि वडा नम्बर १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले प्रमाण पत्र वितरण गरेका थिए। उनले तालिममा सिकेको सिपलाई व्यवसायिक बनाउन आग्रह गरे।

नगरपालिकाले महिलाहरुलाई आत्मनिर्भर बनाउन लघुउद्यम विकास कार्यक्रम अन्तर्गत गुडिया बनाउने, सिलाई बुनाई, ब्याग बनाउने, ढाका बुन्ने, बाखा पालन लगायतका तालिम सञ्चालन गरिरहेको बताइएको छ।

बिर्तामोड नगरपालिकाले सिपमूलक तालिम प्रदान गरेका महिलाहरुको लागि लागत सहभागितामा आवश्यक मेशिन समेत उपलब्ध गराउँदै आएको छ। तालिम समापन कार्यक्रममा वडा सचिव टीका अधिकारी, वडासदस्य कमला महरा दर्जी, निवर्तमान वडासदस्य प्रेम खरेलको उपस्थिति रहेको थियो।

सहभागीहरुले तालिम उपलब्धिमूलक बनेको प्रतिक्रिया दिएका छन्। उनीहरुले सिकेको सिपलाई सदुपयोग गर्नको लागि योजना बनाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सहजकर्ता चनिमाया तामाङले तालिम प्राप्तहरुलाई उद्यमी बनाउन नगरपालिकाले सहजीकरण गर्ने बताए। त्यसको लागि सबै जना सक्रियरुपमा अघि बढ्न सबैलाई आग्रह गरे। तालिममा मेनुका चाम्लिङले प्रशिक्षण दिएकी थिइन्।



# आगलागीबाट लाखौंको क्षति



**फुङ्लिङ, बैशाख १०।** आगलागीबाट ताप्लेजुङमा लाखौं रुपैयाँको क्षति भएको छ।

मिक्वाखोला गाउँपालिका-५ चिलिमे गाउँमा लामा नुर्प शेर्पाको घरमा आगलागी हुँदा रु. १३ लाखभन्दा बढीको क्षति भएको छ। भान्सा कोठामा आगो बाल्ने क्रममा आगलागी हुँदा सो क्षति भएको हो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमलकुमार लुङ्गेलीका अनुसार भान्सा कोठामा आगो बाल्ने क्रममा लागेको आगोले दुई तले घर पूर्ण रुपमा नष्ट भएको छ। आगलागीबाट अन्नपात, लत्ताकपडा, भाँडावर्तन, काठपात र नगद रु. २० हजार नष्ट छ।

ताप्केगोला प्रहरी चौकीबाट गएको प्रहरी टोली तथा स्थानीयले आगो नियन्त्रणमा लिएका थिए।


# डेंगुका कारण १६०० भन्दा बढीको मृत्यु

**झापा, बैशाख १०।** ब्राजिलमा यस वर्ष हालसम्म डेङ्गुका कारण एक हजार छ सय एक जनाको मृत्यु भएको पुष्टि भएको छ र थप दुई हजार ६१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

दक्षिण अमेरिकी देश ब्राजिलमा डेङ्गुको कुल ३५ लाख ३० हजार शङ्कास्पद घटनाहरू राष्ट्रव्यापी रूपमा रिपोर्ट गरिएको छ। डेङ्गु ज्वरोको घटना दर हाल ब्राजिलियाली बासिन्दाहरूमा प्रति लाख एक हजार सात सय ४१ शङ्कास्पद सङ्क्रमित भेटिएका छन्।

सन् २०२३ मा डेङ्गुका कारण एक हजार एक सय ७९ जनाको मृत्यु भएका थिए। सन् २०२४ को यो अवधिसम्म सङ्क्रमितको संख्या हेर्दा यो सरदर ३५ प्रतिशतले बढी हो।

अद्यावधिक गरिएको तथ्याङ्क अनुसार पुष्टि भएका सङ्क्रमित मध्ये ५५.२ प्रतिशत महिला यसबाट सङ्क्रमित भएका छन्।



जनसाङ्ख्यिकीय समूहमा डेङ्गुको सबैभन्दा बढी असर २० वर्षदेखि २९ वर्ष उमेर समूहभित्र परेको देखिन्छ।

सरकारले कोभिड-१९ बिरुद्धको खोप कार्यक्रमलाई पालना गर्न सर्वसाधारणलाई आह्वान गरेको छ। डेङ्गु एडिस एजिप्टी लामखुट्टेको टोकाइबाट सर्छ र यो मानव स्वास्थ्यका लागि घातक जोखिम हुन सक्छ।

# सुरुङ्गामा हनुमान जयन्ती

**कनकाई, बैशाख १०।** कनकाई-३ सुरुङ्गामा विशेष पूजाअर्चनासहित विविध कार्यक्रमका साथ हनुमान जयन्ती मनाइँदैछ।

आज हनुमान जयन्तीको अवसरमा विविध कार्यक्रमहरु आयोजना गरिने र कार्यक्रमको सम्पुर्ण तयारी पूरा भएको आयोजक संस्थाद्वय कनकाई नगर क्षेत्रको विभिन्न सामाजिक गतिविधिमा सक्रिय रहँदै आएको पाथीभरा मारबाडी समाज तथा अग्रवाल समाज नगर समितिले जनाएको छ।

प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन मनाइने रामभक्त हनुमान जन्मजयन्ती यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइँदै छ। यस अवसरमा हनुमानको पूजा आराधना गरेमा बल, बुद्धि र विद्या मिल्ने तथा दुःख र सङ्कटबाट मुक्ति पाइने विश्वास छ।

आयोजक संस्था पाथीभरा मारबाडी समाजका अध्यक्ष ईश्वरचन्द्र गोयलका अनुसार सुरुङ्गामा आज बिहान ९ बजेदेखि सुरुङ्गा बजारमा निशान यात्रा गरी मन्दिर परिसरमा अखण्ड रामायण पाठ, अष्टयाम संकीर्तन एवम् निशान पुजनसहित संचालन हुनेछ। हनुमान जयन्तीमा गुरु पुरोहितहरुको विशेष टोलीले विशेष झाँकी, श्रीराम भजन लगायत कथा प्रवचन हुने जानकारी दिए।

कनकाई उद्योग वाणिज्य संघको उत्तरमा रहेको हनुमान मन्दिरबाट आज बिहान ९ बजे शुरु हुने कार्यक्रम बजार परिक्रमा पश्चात् पुनः मन्दिरमा नै आएर बिहान ११ बजेदेखि महाप्रसाद (भण्डारा) सञ्चालन गर्ने, सन्ध्याकालिन समयमा समेत विशेष कार्यक्रम सञ्चालन गर्ने समाजका सदस्य सचिन वंशल सक्रिय युवा मुकेशकुमार गोयल र राहुल वंशल लगायतले जानकारी गराए।

कार्यक्रममा विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षा कर्मी लगायत करिब चार सयभन्दा बढी भक्तजनको सहभागी हुने अपेक्षा रहेको आयोजकले जनाएको छ।


उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
**सम्पर्क :** ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा



**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३



**बराल ट्याक्सी सर्भिस**
**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |



**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८




**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## पाठेघरको मुखको क्यान्सर सम्बन्धी जानकारी

**१** पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) भनेको पाठेघरको मुखको कोषिकाहरु अनियन्त्रित, असामान्य र अनावश्यक रुपले वृद्धि हुनु हो। नेपालमा पाठेघरको मुखको क्यान्सर महिलाहरुमा हुने क्यान्सरमध्ये पहिलो स्थानमा पर्दछ। पाठेघरको मुखको क्यान्सरको कारणले धेरै महिलाहरुले अकालमै ज्यान गुमाउने गरेका छन्। समयमा पत्ता लागेमा यो रोगको उपचार हुन्छ र यसको रोकथाम गर्न सकिन्छ। एक पटक मात्रै पनि यौन सम्पर्क भएका ३० देखि ६० वर्ष उमेरका सबै महिलाले आफूलाई केही समस्या नभए पनि VIA परीक्षण गराउनु पर्दछ।

- पाठेघरको मुखको क्यान्सरको मुख्य कारण "ह्युम्यान प्यापिलोमा भाइरस" Human Papilloma Virus (HPV) को संक्रमण हो। यो जीवाणु यौन सम्पर्कबाट सर्दछ।
- Visual Inspection with Acetic Acid (VIA) : बिर्तामोड नगरअस्पतालमा यस प्रबिधिबाट पाठेघरको मुखको क्यान्सरको परिक्षण निःशुल्क उपलब्ध छ।
- यो परीक्षण गर्दा दुख्दैन र शरीरलाई कुनै नराम्रो असर गर्दैन।




**२ पाठेघरको मुखको क्यान्सरको जोखिम**
- योनि वा योनिमार्गको संक्रमण हुनु
- धेरै जनासंग यौनसम्पर्क राख्नु
- २० वर्षभन्दा अगाडि विवाह वा असुरक्षित यौनसम्पर्क हुनु
- २० वर्षभन्दा अगाडि बच्चा जन्माउनु
- धेरै बच्चा जन्माउनु
- पटक पटक गर्भपतन गराउनु
- धुम्रपान/मद्यपान गर्नु
- महिलाहरुमा HIV संक्रमण हुनु
- महिलाहरुमा कुपोषण हुनु
- पाठेघरको मुखमा ५% एसिटिक एसिड (Acetic Acid) लगाई VIA परीक्षण गर्नु पर्दछ। यसको नतिजा तुरुन्तै थाहा पाउन सकिन्छ।



**३ पाठेघरको मुखको क्यान्सरको मुख्य लक्षणहरु**
- योनिबाट अनियमित रगत बग्नु
- योनिबाट सेतो गन्हाउने पानी बग्नु
- तल्लो पेट दुखिरहनु
- दिसापिसाब गर्दा अप्ठ्यारो हुनु
- महिनावारीको बिचमा वा महिनावारी रोकिसकेको महिलाहरुमा फाट्टफुट्ट रगत देखिनु
- यौन सम्पर्क गर्दा दुख्नु, रगत देखिनु
- तौल घट्दै जानु
- क्यान्सर अरू अंगहरूमा फैलिएको अवस्थामा फैलिएको अंग अनुसार लक्षण देखिन्छ जस्तैः खुट्टा सुन्निनु, ढाड/कम्मर दुख्नु, खोकी लाग्नु आदि।

क्यान्सरको शंका लागेमा थप परीक्षण र उपचारको लागि सेवा उपलब्ध भएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला।

**४ पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच (Screening)**

३० वर्ष उमेर भन्दा माथिका सबै महिलाहरुले नियमित रुपमा पाठेघरको मुखको प्रारम्भिक जाँच गराउनु पर्दछ र HIV संक्रमित महिलाहरुले २५ वर्ष को उमेरबाट नै नियमित प्रारम्भिक जाँच गराउनु पर्दछ। पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच निम्न विधिहरुबाट गर्न सकिन्छ।
- पाठेघरको पानीको परीक्षण (PAP SMEAR)
- एच.पी.भी. (H.P.V) डी.एन.ए. (D.N.A) को परीक्षण।

**VIA Negative Cervix:**
१. पाठेघरको मुखमा VIA परीक्षण गर्दा सेता टाटाहरू देखिएमा VIA negative भनिन्छ। यो सामान्य अवस्था हो।
२. HPV बाट पाठेघरको मुखमा संक्रमण हुन लामो समय लाग्ने हुनाले प्रत्येक ५ वर्षमा VIA परीक्षण गराउनु जरूरी छ।

**VIA positive cervix - Picture**
१. VIA परीक्षण गर्दा पाठेघरको मुखमा सेता टाटाहरु देखिएमा VIA positive भनिन्छ। तर सेता टाटाहरु देखिनु नै क्यान्सर होइन। यसलाई समयमा नै उपचार गरेमा पूर्णतया निको पार्न सकिन्छ।
२. VIA Positive देखिएमा Cryotherapy / Thermocoagulation विधिबाट यसको उपचार गरिन्छ। यी उपचारहरुबाट पाठेघरको मुखमा भएका सेता टाटाहरु हटाइन्छ।
३. उपचारपछि यौन अङ्ग सधैं सफा र सुख्खा राख्नु पर्दछ।
४. उपचार गरेपछि ४ हप्तासम्म यौन सम्पर्क राख्नु हुँदैन।
५. उपचारपछि १ महिनामा र ३ महिनामा follow-up र १ वर्षपछि पुनः VIA परीक्षण गराउन स्वास्थ्य संस्था आउनुपर्छ।
६. VIA Positive देखिएपछि उपचार नगरेमा पाठेघरको मुखको क्यान्सर हुन सक्छ।

**५ पाठेघरको मुखको क्यान्सरबाट बच्ने**
- एच.पी.भी. विरुद्धको खोप लगाउने
- नियमित रुपमा पाठेघरको मुखको परीक्षण गराउने
- महिनावारी स्वास्थ्य र सरसफाईमा ध्यान दिने
- २० वर्ष उमेर पूरा भएपछि मात्र विवाह गर्ने र बच्चा जन्माउने
- सुरक्षित यौनसम्पर्क राख्ने
- धेरै जनासँग यौनसम्पर्क नराख्ने
- धुम्रपान/मद्यपान नगर्ने
- पाठेघर/यौन सम्बन्धी कुनै समस्या देखापरेमा समयमै उपचार गराउने।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्चहुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय अनुकुल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्नेछन्, मन प्रसन्न रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, आज तपाईको परिवारजन बिमुख हुनेछन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यबसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।